**कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन कार्यविधि — २०७९**

हुप्सेकोट गाउँपालिका

**भाग २**

**हुप्सेकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),**

**गण्डकी प्रदेश, नेपाल**

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन कार्यविधि — २०८०**

## कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन कार्यविधि — २०७९

**प्रस्तावनाः**

हुप्सेकोट गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबीच पढाइका कतिपय विषयलाई प्रयोगात्मक रुपमा अभ्यास गर्न र उनिहरुमा उद्यमशीलता, स्वावलम्बन, प्राविधिक सीप तथा व्यवासायिक सोंचको विकास गरी आत्मनिर्भर गराउन तथा भविष्यमा व्यावसायिक रुपमा कार्य गर्न सक्षम नागरिक तयार गर्न तथा गरिबीका कारण बीचमै पढाई छाड्ने प्रवृत्ति हटाउनको लागि विद्यालय मार्फत आयआर्जनको अवसर प्रदान गरी कमाउँदै पढ्दै कार्यक्रम सरल, सहज र प्रभावकारी तरिकाले कार्यान्वयन गर्न बाञ्छनीय भएकोले हुप्सेकोट गाउँपालिकाको शिक्षा ऐन २०७५ को दफा ५३ अनुसार हुप्सेकोट गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद — १
### प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम **'कमाउँदै पढ्दै कार्यविधि—२०७९'** रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट पास भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **'गाउँपालिका'** भन्नाले हुप्सेकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **'कार्यपालिका'** भन्नाले हुप्सेकोट गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) **'अध्यक्ष'** भन्नाले हुप्सेकोट गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) **'वडाध्यक्ष'** भन्नाले हुप्सेकोट गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्षलाई सम्झनुपर्दछ ।

हुप्सेकोट गाउँपालिका

(ङ) **'वडा समिति'** भन्नाले ६ वटै वडाको निर्वाचित जनप्रतिनिधिको समितिलाई सम्झनु पर्दछ ।

(च) **'शिक्षा शाखा'** भन्नाले हुप्सेकोट गाउँपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(छ) **'विद्यालय'** भन्नाले कार्यक्रम सञ्चालन भएका विद्यालय सम्झनु पर्दछ ।

(ज) **'प्रधानाध्यापक'** भन्नाले हुप्सेकोट गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

(झ) **'प्रस्ताव मूल्याङ्कन सिफारिस तथा अनुगमन समिति'** भन्नाले यस कार्यविधिको दफा ६ को उपदफा (क) बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिमका हुनेछः

(क) शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी विद्यार्थीहरुलाई भविष्यमा उद्यमी, व्यवसायिक, सीपयुक्त र स्वावलम्बी नागरिक बन्न सहयोग पुऱ्याउन,

(ख) गरिबीको कारण विद्यालय तहको सिकाइमा समस्यामा परेका बालबालिकालाई आयमूलक कार्य गरी पढ्न पाउने उपयुक्त वातावरण तयार गर्न,

(ग) विद्यालयमा उत्पादन तथा सेवा इकाइको स्थापना गरी सो इकाइलाई शिक्षक/प्रशिक्षक एवम् विद्यार्थीको सहभागितामा सञ्चालन गरी आय आर्जन केन्द्रको रुपमा स्थापित गर्नु,

(घ) पाठ्यक्रममा आधारित सिकाइसँगै वस्तु वा सेवाको उत्पादनमा विद्यार्थीहरुलाई संलग्न गराई श्रमप्रति अभिप्रेरित गर्दै स्वरोजगार र उद्यमशील हुन प्रोत्साहन गर्ने,

(ङ) श्रम र सीपको उपयोग गर्न अन्य व्यक्ति/समुदायमा प्रचार प्रसार गर्ने,

**४. कार्यक्रम सञ्चालन हुने क्षेत्रः** हुप्सेकोट गाउँपालिका भित्रका ६ वटै वडाका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कार्यक्रम सञ्चालन हुनेछ ।

हुप्सेकोट गाउँपालिका

## परिच्छेद — २
## विद्यालय/विद्यार्थी छनौट र अनुदान निर्धारण

**५. सूचना प्रकाशन तथा प्रस्ताव पेशः** यस कार्यक्रमको सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने प्रक्रिया देहाय बमोजिमका हुनेछः

(क) कार्यक्रम सञ्चालनको लागि विद्यालय वा विद्यार्थी छनौटको लागि सम्बन्धित विद्यालयले ७ दिनको म्याद दिई प्रस्ताव पेश गर्न सूचना प्रकाशन गर्नेछ ।

(ख) कार्यक्रममा सहभागी हुन इच्छुक विद्यार्थीले तोकिएको म्यादभित्र सम्बन्धित विद्यालयमा निवेदन दिनुपर्नेछ र यस कार्यविधिको दफा ६ बमोजिमको समितिले विद्यार्थी छनौट गर्नुपर्नेछ।

(ग) छनौट भएका विद्यार्थीहरुले आफ्नै खेतबारी वा विद्यालयले व्यवस्था गरेको जग्गामा विद्यालयको निर्णय र निर्देशन बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । विद्यालयले विद्यार्थीको समूह विभाजन गरेर सामुहिकरुपमा समेत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**६. प्रस्ताव मूल्याङ्कन, सिफारिस तथा अनुगमन समितिः** (१) कार्यक्रम प्रस्तावको मूल्याङ्कन तथा सिफारिसको लागि तपसिल बमोजिमको सिफारिस समिति हुनेछ ।

विद्यालय व्यवस्थापन समितिले तोकेको विद्यालय व्यवस्थापन समितिको सदस्य : संयोजक

शिक्षक अभिभावक संघको अध्यक्ष : सदस्य

प्रधानाध्यापकले तोकेको एकजना शिक्षक : सदस्य

अभिभावकहरु मध्येबाट एकजना महिला सहित विद्यालय व्यवस्थापन समितिले तोकेको दुईजना अभिभावक : सदस्य

(२) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) विद्यालयमा प्राप्त निवेदनहरुको मूल्याङ्कनका सम्बन्धमा निजका अभिभावकसँग सम्पर्क गरी जाँचबुझ गर्न सक्नेछ र यसका लागि आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गर्न सक्नेछ ।

(२) विद्यार्थी छनौट गरी सिफारिस गर्ने,

(३) कार्यक्रम कार्यान्वयनको चरणमा अनुगमन गरी पृष्ठपोषण सहित विद्यालयमा राय सुझाव पेश गर्नु पर्नेछ ।

(४) प्रस्ताव छनौट गर्दा अति विपन्न, दलित, अपाङ्गता भएका विद्यार्थीहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

**७. प्रस्ताव छनौट अनुदान निर्धारण तथा सम्झौताः** (क) विद्यालय व्यवस्थापन समितिले विद्यार्थीको छनौट गर्दा नियम ६ को उपनियम (२) बमोजिमको समितिको सिफारिसलाई मध्यनजर गरी छनौट गर्नेछ ।

(ख) विद्यार्थी छनौट गरेपछि विद्यालयले अभिभावकको रोहवरमा भरपाई गरी उक्त रकम विद्यार्थीलाई हस्तान्तरण गर्नेछ ।

(ग) विद्यार्थीलाई प्रदान गरिने अनुदानको रकम निर्धारण गर्दा स्वीकृत बजेट, कार्यक्रमको प्रकृति, विद्यार्थीको माग र रुचीलाई समेत आधार लिनुपर्नेछ ।

**८. कार्यक्रम कार्यान्वयनः** कार्यक्रम कार्यान्वयनको कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहले कार्यक्रम कार्यान्वयनको लागि छनौट भएका विद्यालयसँग सम्झौता गरी सम्झौता भएका विद्यालयको खातामा अनुदान रकम निकासा गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालनमा आवश्यक प्राविधिक सहयोग गर्न सम्बन्धित विषयका प्राविधिक जनशक्तिको व्यवस्था विद्यालय स्वयंले गर्नुपर्नेछ ।

(ग) कार्यक्रम कार्यान्वयनको सिलसिलामा छनौटमा परेका विद्यार्थीहरुले सञ्चालन गरेको कार्यमा कुनै भैपरी दुर्घटना लगायतका कारण कार्यक्रम निरन्तरता हुन नसकेको भनि निवेदन पेश हुन आएमा यस कार्यविधिको प्रस्ताव मूल्याङ्कन, सिफारिस तथा अनुगमन समिति मार्फत जाँचबुझ गर्न लगाई राय सुझाव लिई सो यकिन गरी सम्बन्धित विद्यार्थीलाई पुनः थप रकम लगानी गर्न सक्नेछ । यसरी रकम लगानी गर्दा सुरु रकमको ब्याज बापतको रकम समितिले मिनाहा गर्न सक्नेछ ।

(घ) कार्यक्रम सञ्चालनको लागि विद्यार्थीले विद्यालयबाट लगेको रकममा वार्षिक १२% का दरले ब्याज रकम तिर्नुपर्नेछ । कार्यक्रमको प्रकृति हेरी ६/६ महिनामा पनि सावाँ र ब्याज रकम समेत भुक्तानी गर्नसक्नेछन् ।

**९. कोष सञ्चालनः** कोषको सञ्चालन देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन कोष स्थापना हुनेछ ।

(ख) उक्त कोषमा गाउँपालिकाले विद्यालयलाई कोष स्थापनार्थ निकासा दिएको रकम जम्मा हुनेछ ।

(ग) विद्यालयले उक्त कोषमा अभिभावक सहयोग तथा अन्य संघ/संस्था वा अन्य व्यक्तिहरुबाट समेत रकम सहयोग लिई कोष वृद्धि गर्न सक्नेछ ।

(घ) उक्त कोषमा वार्षिक रुपमा लगानी गरेको रकमको कम्तिमा १२% का दरले ब्याज रकम थप गर्दै लैजानु पर्नेछ ।

## परिच्छेद — ३
## कार्यक्रम सञ्चालन क्षेत्र र कृयाकलाप

**१०. अनुदान उपलब्ध गराईने क्षेत्रः** कार्यक्रम सञ्चालनको लागि छनौट भएका विद्यार्थीले पेश गरेका प्रस्ताव तथा आवश्यकताको आधारमा देहाय बमोजिमको क्षेत्रमा रकम उपलब्ध गराइनेछ ।

(क) कृषि व्यवसाय

(ख) पशुपंक्षी पालन

(ग) व्यावसायिकरुपमा मौरी पालन, माछा पालन, च्याउ खेती,

(घ) घरेलु प्रयोजनका लागि निर्माण गरिने सामग्रीहरुः

(१) डोको, डालो लगायत बाँसका सामग्रीहरु,

(२) कुर्चि, टेबल लगायत बेतबाँस जन्य सामग्रीहरु,

(३) झोला, पोशाक लगायत सिलाई बुनाइका सामग्रीहरु,

(४) अन्य सामग्रीहरु,

(ङ) व्यावसायिक तरकारी खेती,

(च) अन्य व्यावसायिक प्रयोजनका कार्यहरु ।

## परिच्छेद — ४
## कार्यक्रमको अनुगमन तथा निरीक्षण

**११. कार्यक्रमको अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः** कार्यक्रमको अनुगमन तथा निरीक्षण देहाय बमोजिम हुनेछः

(क) सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण गाउँपालिकाका पदाधिकारीहरु, वडासमिति, शिक्षा शाखाका कर्मचारीहरु, विद्यालय व्यवस्थापन समिति, हुन सक्नेछन् ।

(ख) सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउने काम विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको हुनेछ ।

(ग) कार्यक्रम सञ्चालन भएका विद्यालयले ३/३ महिनामा कार्यक्रमको प्रगति प्रतिवेदन अनिवार्यरुपमा शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद — ५
## विविध

**१२. उत्पादन तथा सेवा इकाई र खरिद बिक्री केन्द्रः** उत्पादित वस्तु तथा सामग्रीको बिक्री वितरण गाउँपालिका, विद्यालय, प्रस्ताव मूल्याङ्कन, सिफारिस तथा अनुगमन समिति, विद्यालयले व्यवस्था गरेको प्राविधिक जनशक्ति, स्वयं विद्यार्थी, निजका अभिभावक लगायतको निकाय र व्यक्तिको पहलबाट यस कार्यविधिबमोजिम सञ्चालित कार्यक्रमबाट उत्पादित बस्तु तथा सामग्रीको बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

**१३. प्रचलित कानुनबमोजिम हुनेः** (क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि विद्यायलले कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यक्रम गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परिक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन प्रतिकुल नहुने गरी गर्नुपर्नेछ ।

(ख) यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(ग) यस कार्यविधिमा उल्लेखित व्यवस्था संघ र गण्डकी प्रदेश सरकारको प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**प्रमाणीकरण मितिः२०७९/१२/१९**
**राजपत्रमा प्रकाशित मितिः २०७९/१२/२०**

**आज्ञाले**
**टंकनाथ घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका